कन्सोर्टियम-नेपाल
Consortium Nepal

बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समुह

# मासिक कार्यसम्पादन पत्र

**जुलाई २०२४**

**वर्ष : ३, अंक : ७**

## जुलाई २०२४ मा सम्पन्न भएका गतिविधिहरु


### १. संस्थागत क्षमता विकास सम्बन्धी कार्यशाला सम्पन्न



जुलाई २२-२३ ,२०२४, कन्सोर्टियम नेपालको संस्थागत क्षमता विकास सम्बन्धी कार्यशाला सम्पन्न भएको छ । कार्यशालामा सचिवालयका कर्मचारी तथा कार्यसमिति सदस्यहरुको सक्रिय सहभागिता रहेको थियो । यस कार्यशालामा संस्थागत विकासका निम्ति निमित्त के कस्तो कुराहरुलाई अगाडी बढाउन आवश्यक रहन्छ, भन्ने विषयलाई छलफल गर्दै संस्थाको मूल्याङ्कन गरिएको थियो । संस्थाको सुशासन, मानव संसाधन, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, संचार, बाह्य सम्बन्ध, स्रोत परिचालन र दाता जस्ता ८ वटा विषयमा केन्द्रित भई संस्थाको सवल र सुधार गर्नुपर्ने पक्षहरुको माथी छलफल गर्दै मुल्यांकन गरिएको थियो ।कार्यशालामा कर्मचारी र कार्यसमिति सदस्यहरु फरक फरक समुहमा रहेर छलफल गरिएको थियो ।


### २. राष्ट्रिय रूपमा निर्धारित योगदानहरू( NDCs) सम्बन्धि अभिमुखीकरण

जुलाई २५ ,२०२४, राष्ट्रिय रूपमा निर्धारित योगदानहरू सम्बन्धि भर्चुवल




अभिमुखीकरण कार्यशाला सम्पन्न भएको थियो । राष्ट्रिय बाल पैरवी परिषद सदस्यहरुलाई राष्ट्रिय रूपमा निर्धारित योगदानहरू सम्बन्धि जानकारी प्रदान गर्ने उद्देश्यका साथ सञ्चालन गरिएको यस कार्यक्रमको सहजीकरण प्रकृति कोइरालाले गर्नु भएको थियो । यस अभिमुखीकरण कार्यक्रमका क्रममा उपस्थित बालबालिकाहरुलाई जलबायु परिवर्तन, पेरिस सम्झौता राष्ट्रिय रूपमा निर्धारित योगदान र NDC प्राप्त गर्न बालबालिकाको भूमिका कस्तो रहन्छ भन्ने विषयमा जानकारी प्रदान गरिएको थियो ।

कार्यक्रममा जलबायु परिवर्तनको बारेमा ब्याख्या गर्दै यस बाट पर्ने प्रभावको विषयमा छलफल गरिएको थियो । साथै जलवायु परिवर्तन नीतिको बारेमा जानकारी गराउदै, जलवायु परिवर्तन नीतिगत क्षेत्रहरूको बारेमा प्रस्ट पारिएको थियो । कार्यक्रमलाई निरन्तरता दिदै राष्ट्रिय रूपमा निर्धारित योगदानहरूको परिचय र नेपालको NDC लक्षित प्रमुख क्षेत्रहरूको बारेमा चर्चा गरिएको थियो । त्यस्तै NDC प्राप्तिको निम्ति बालबालिकाहरुको कस्तो किसिमको भूमिका रहन्छ भन्ने विषयमा छलफल गरिएको थियो । NDC को विषयमा बालबालिकाहरुले चेतना र शिक्षा, सामुदायिक संलग्नता, व्यक्तिगत पहलहरु,जनवकालत र अभियानहरू संचालन गर्दै आफ्नो भूमिका निर्वाह गर्न सक्ने कुरालाई प्रष्ट पारिएको थियो ।




## सदस्य संस्थाहरुद्वारा संचालित गतिविधिहरु

### १ जना समुदाय स्तरको बालक्लवका पदाधिकारी तथा सदस्यहरुलाई अनलाइन सुरक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न

रिलफ नेपाल र वर्ल्ड भिजन ईन्टरनेशनल नेपालको साझेदारीमा सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिका वडा नम्बर ४ का ३५ जना, गोलन्जोर गाउँपालिका वडा नम्बर ३ का ४० जना र ६ नम्बर वडा का ३४ जना समुदाय स्तरको बालक्लवका पदाधिकारी तथा सदस्यहरुलाई अनलाइन सुरक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । तीनपाटन गाउँपालिका वडा नम्बर ४ र गोलन्जोर गाउँपालिका वडा नम्बर ३ लाई बालमैत्री स्थानिय शासन प्रर्बद्धनको लागि २ वटा समुदाय स्तरिय बाल मैत्री स्थानिय शासन समिती गठन भएको छ ।



रुपान्तरण सहजकर्ताको अगुवाइमा तीनपाटन गाउँपालिको वडा नम्बर ६ मा ३ वटा र वडा नम्बर ३ मा ४ वटा समुदाय स्तरिय बालक्लव गठन भएको छ ।

### २ नयाँ कार्यसमितिका सदस्यहरुका लागि बालअधिकार तथा बालसंरक्षण प्रणाली सम्वन्धी अभिमुखिकरण कार्यक्रम

संखुवासभा जिल्लामा अवस्थित कन्सोर्टियम नेपालको सदस्य संस्था मकालु त्रिशक्ति समुह नेपाल(माट्स नेपाल) को नयाँ कार्यसमितिका सदस्यहरुका लागि बालअधिकार तथा बालसंरक्षण प्रणाली सम्वन्धी अभिमुखिकरण कार्यक्रम मिति २०८१।०४।०७ गते सम्पन्न भएको छ । नवनिर्वाचित अध्यक्ष श्री नविन दाहालको अध्यक्षतामा सम्पन्न कार्यक्रमका कार्यसमितिका नवनिर्वाचित सदस्यहरुको सहभागिता रहेको थियो ।

### ३ जिल्ला बाल क्लब संजालको बैठक सम्पन्न

राजविराज, ०६ श्रावण २०८१

जिल्ला बाल क्लब सन्जाल सप्तरीको अध्यक्ष सलमा खातुनको अध्यक्षतामा जिल्ला समन्वय समिति सप्तरीको सभाकक्षमा कार्यसमितिको बैठक बस्यो, उक्त बैठकमा १७ जना पूर्व बाल क्लब सदस्य र जिल्ला बाल क्लब सन्जाल कार्यसमिति सदस्यहरुको सहबभागिता रहेको थियो . जिल्लाको १८ वटा



पालिकाहरुसंग बाल क्लबहरुको तथ्यांक अध्यावधिक गर्ने, जिल्ला बाल क्लब संजाल पूनर गठन पश्चात एक बर्ष भित्र भएको प्रगतिको समिक्षा, बाल क्लब संजालको संरक्षक, भि.एन.र. प्रतिवेदन लगायत जिल्ला बाल क्लब संजाल कार्यसमितिमा रिक्त रहेको स्थानमा पदपूर्ति गर्ने प्रस्तावनामा आधारित भई जिल्ला बाल क्लब संजालकि सचिव मन्जुला कुमारी साहको सहजीकरणमा बैठक संचालन भएको थियो ।

## ४ बाल श्रम बिरुद्ध कार्य संचालन कार्यविधि निर्माण कार्यशाला सम्पन्न

राजविराज, ०७ श्रावण २०८१



सप्तरी जिल्लाको खडक नगरपालिकालाई स्थानीय बालमैत्री घोषणा गर्नको लागि नगरपालिका कार्यसमिति र बिषयगत शाखा प्रमुखहरु लगाएत ३० जनाको उपस्थितिमा एक दिवशीय कार्यशाला सम्पन्न भएको छ, र उक्त कार्यशालामा संघीय सरकारद्वारा निर्माण गरिएको कार्यविधिलाई कार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने र सोहि कार्यविधिको अधिनमा रही २०८१ मा यस पालिकलाई बाल श्रम मुक्त नगर पालिका घोषणा गर्ने साझा सहमति भएको छ ।

## कन्सोर्टियम नेपालले जुलाई २०२४-मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क.सं. | कार्यक्रम | आयोजक |
|---|---|---|
| १ | July 7 2024, बालश्रम निवारणमा भएका प्रगति र आगामी कार्ययोजना विषय सरोकारवाला परामर्श कार्यक्रम | SAN |

**संयोजन :** उषा कार्की ,कार्यक्रम अधिकृत, कन्सोर्टियम नेपाल


**थप जानकारीका लागि सम्पर्क :**

**कन्सोर्टियम नेपाल**

शंखमुल, काठमाडौँ

सम्पर्क नं. : ०१-४७९१३२७

इमेल : participation.consortium@gmail.com